## प्रस्तावना

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको छ । सोहि मौलिक हकको कार्यान्वयन गर्न जारी भएको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को मर्म अनुसार यस रोङ गाउँपालिका भित्र स्थानीय श्रोत, साधन, पूँजी र प्रविधिको उपयोग गरी सञ्चालन गरिने सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुमा रोजगारीको अवसर सृजना गरी १८ वर्ष देखि माथिका बेरोजगार व्यक्तीहरुलाई रोजगारी प्रदान गर्न र त्यस्ता सार्वजनिक आयोजनाहरु तथा निजी, सहकारी वा गैर सरकारी क्षेत्रबाट समेत माग हुने सीपयुक्त श्रमिकहरुको पूर्ति गर्नको लागि **रोङ गाउँपालिका**को रोजगार कार्यक्रम अन्तर्गत **रोङ निर्माण अभियान्ता स्थापना** गर्ने नीति अनुरुप नेपालको संविधान २०७२ को भाग १८ धारा २२६(१) ले दिएको अधिकार प्रयोग गरी रोङ गाउँपालिकाको रोङ निर्माण अभियान्ता (स्थापना र सञ्चालन) कार्यविधि, २०७७ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम रोङ निर्माण अभियान्ता (स्थापना र सञ्चालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले रोङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) " गाउँपालिका" भन्नाले रोङ गाउँपालिका सम्झनु पर्दछ ।

घ) "कार्यविधि" भन्नाले रोङ गाउँपालिकाको रोङ निर्माण अभियान्ता (स्थापना र सञ्चालन) कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

ङ) "रोङ निर्माण अभियान्ता" भन्नाले रोङ गाउँपालिकाको रोङ निर्माण अभियान्ता (स्थापना र सञ्चालन) कार्यविधि, २०७७ को दफा ३ बमोजिम स्थापना गरिएको रोङ निर्माण अभियान्ता सम्झनु पर्दछ ।

च) "छनौट, सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले कार्यविधिको दफा ९ बमोजिमको रोङ निर्माण अभियान्ता छनौट तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

छ) "संयोजक" भन्नाले कार्यविधिको दफा ९ बमोजिमको समितिको संयोजक सम्झनु पर्दछ ।

ज) “परिचालन एकाई” भन्नाले कार्यविधिको दफा १३ बमोजिमको समितिको रोङ निर्माण अभियान्ता परिचालन एकाई सम्झनु पर्दछ ।

झ) “अध्यक्ष” भन्नाले कार्यविधिको दफा १३ बमोजिम तोकिएको रोङ निर्माण अभियान्ता परिचानल एकाईको अध्यक्ष सम्झनु पर्दछ ।

## परिच्छेद - २

## रोङ निर्माण अभियान्ताको, उद्देश्य, व्यवस्थापन तथा सञ्चालन र परिचालन

३. **रोङ निर्माण अभियान्ताको स्थापनाः** (१) स्थानीय श्रोत, साधन, पुँजी र प्रविधिको उपयोग गरि सञ्चालन गरिने सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुमा रोजगारीको अवसर सिर्जना गरि गाउँपालिका भित्रका १८ वर्ष देखि माथिका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्ने र त्यस्ता सार्वजनिक आयोजनाहरु तथा निजी, सहकारी वा गैर सरकारी क्षेत्रबाट समेत माग हुने सीपयुक्त श्रमिकहरुको पूर्ति गर्ने उद्देश्यले रोङ गाउँपालिका अन्तर्गत रोङ निर्माण अभियान्ता स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रोङ निर्माण अभियान्तामा रहने श्रमिकहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

क) दक्षताको आधारमाः दक्षताको आधारमा रोङ निर्माण अभियान्तामा रहने श्रमिकहरुको वर्गीकरण।

१. दक्षःCTEVT तथा मान्यता प्राप्त संस्थाबाट तालिम लिएको अनुभव भएका श्रमिक।

२. अर्धदक्षः सामान्य तालिम लिएको श्रमिक ।

३. अदक्षः कुनै पनि किसिमको तालिम नलिएको श्रमिक जसलाई आवश्यकता अनुसार तालिम दिन पर्ने हुनसक्छ ।

ख) काममा खटिने समयावधीका आधारमाः काममा खटिने समयावधीका आधारमा रोङ निर्माण अभियान्तामा रहने श्रमिकहरुको वर्गीकरण ।

१. लामो समय सम्म निरन्तर रोजगारीमा संलग्न हुने श्रमिक (३० दिन भन्दा बढी समयका लागि काममा संलग्न हुने)।

२. तत् तत् टोलमा हुने विकास निर्माणमा छोटो समयको लागि मात्र संलग्न हुने श्रमिक (३० दिन भन्दा कम समयका लागि काममा संलग्न हुने)।

(३) उपदफा (१) बमोजिमको रोङ निर्माण अभियान्तामा रहने श्रमिकहरुको भर्ना (सुचिकरण), छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

**क) श्रमिक भर्ना/सुचिकरणः** यस कार्यविधि अनुसार सञ्चालन तथा परिचालन हुने रोङ निर्माण अभियान्ताका लागि प्रत्येक आर्थिक वर्षको फागुन महिनामा आगामी आर्थिक वर्षका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन सम्बन्धित वडा कार्यालयमा २ महिना भित्रमा आवश्यक प्रक्रिया पुरा गरी श्रमिकहरुको भर्ना/सूचिकरण गर्नु पर्दछ।

- लामो समय सम्म निरन्तर रोजगारीमा संलग्न हुने श्रमिकको सुचिकरण, प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकहरुलाई मानिनेछ।
- छोटो समयको लागि मात्र संलग्न हुने श्रमिकको सुचिकरण दफा ९ बमोजिमको समितिले छनौट गरे बमोजिम हुनेछ।

**ख)** उपदफा (क) मा सूचिकरण सम्बन्धी जुनसुकै कुरा लेखिएको भएपनि रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचिकृत भई सकेका बेरोजगार व्यक्तिहरुलाई यसै कार्यविधि अनुसार स्वतः सुचिकृत भएको मानिनेछ ।

**ग)** यस कार्यविधि अनुसार रोङ निर्माण अभियान्ताको श्रमिकको रुपमा सुचिकृत हुनका लागि वडा कार्यलयबाट सिफारीस भई आएका निवेदन उपर छानविन गरि श्रमिकको अन्तिम सूचि तयार गर्न र कामका लागि आवश्यक श्रमिक छनौट गर्न सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा हुनेछ ।

४. **रोङ निर्माण अभियान्ता स्थापनाको उदेश्यः** रोङ निर्माण अभियान्ता स्थापनाको उदेश्य देहाय बमोजिम हुनेछः

क) गाउँपालिका क्षेत्रका नागरिकलाई रोजगारीको प्रत्याभुति गराई मौलिक हकका रुपमा रहेको रोजगारीको हकको कार्यान्वयन गर्ने ।

ख) आन्तरिक रोजगारीको प्रवर्द्धन गरि वैदेशिक रोजगारीको बढ्दो निर्भरतालाई कम गर्ने ।

ग) रोजगारीको मध्यमद्धारा गरिबि न्यूनिकरण र सामाजिक संरक्षणमा योगदान पुऱ्याउने।

घ) स्थानीय स्तरमा विकास निर्माण कार्य मार्फत सार्वजनिक पुजि निर्माण गरि स्थानीय जनताको जीवनस्तर सुधार गर्न मद्दत पुऱ्याउने।

५. **कार्य क्षेत्रः** रोङ निर्माण अभियान्ताका श्रमिकहरुको काम गर्ने क्षेत्र देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका क्षेत्र भित्र संचालित सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु, निजी वा अन्य क्षेत्रबाट संचालित निर्माण कार्यहरुमा माग बमोजिम आवश्यकता अनुसार रोङ निर्माण अभियान्ताको कार्य क्षेत्र रहने छ ।

ख) यस बाहेक रोङ निर्माण अभियान्ताका श्रमिकहरुले गाउँपालिकाले खटाएको स्थान वा क्षेत्रमा गई तोकिए बमोजिम काम गर्नु पर्नेछ ।

६. **कार्य समयः** रोङ निर्माण अभियान्ताका श्रमिकहरुको काम गर्ने समय देहाय बमोजम हुनेछ।

क) रोङ निर्माण अभियान्ताका श्रमिकहरुले वर्षै भरी काम गर्न सक्ने छ।

ख) प्रत्येक श्रमिकले दिनको ८ घण्टा काम गर्नु पर्नेछ सो भन्दा कम वा बढी समय भएमा प्रति घण्टाका आधारमा श्रमिक ज्याला उपलब्ध गराईने छ ।

ग) कुनै पनि श्रमिक विना जानकारी कार्य स्थलमा अनुपस्थित भएमा निजको २ दिन बराबरको पारिश्रमिक कट्टा गरिने छ (लामो समयका लागि संलग्न हुने श्रमिकको हकमा) ।

घ) आपतकालिन विदा बस्नु परेको खण्डमा काममा उपस्थित भएको दिन कारण सहित आवश्यक कागजत (निवेदन, बिरामी भएको भए सो सम्बन्धी कागजत आदि) पेश गर्नु पर्नेछ ।

ङ) प्रत्येक श्रमिकले दैनिक ८ घण्टाको कार्य अवधिमा १ घण्टा खाजा वा विश्रामका लागि समय पाउने छन् ।

च) प्रत्येक श्रमिकले दशै र तिहार जस्ता लामा चाड पर्वमा बढिमा १५ दिन को विदा पाउने छन् । यसरी विदा बसेको दिनको पारिश्रमिक प्राप्त हुने छैन ।

७. **रोङ निर्माण अभियान्ताको सञ्चालन तथा ब्यवस्थापनः** (१) दफा ३ को उपदफा (१) र (२) बमोजिमको रोङ निर्माण अभियान्ताको सञ्चालन र व्यवस्थापन रोङ निर्माण अभियान्ताको छनौट, सञ्चालन र व्यवस्थापन समितिबाट हुनेछ ।

८. **रोङ निर्माण अभियान्ताको परिचालनः** (१) रोङ निर्माण अभियान्ताको परिचालन रोङ निर्माण अभियान्ता को परिचालन एकाईबाट हुनेछ ।

## परिच्छेद ३

## रोङ निर्माण अभियान्ता छनौट, सञ्चालन तथा व्यवस्थापन समिति गठन तथा काम, कर्तव्य र अधिकार

९. **छनौट, सञ्चालन तथा व्यवस्थापन समितिको गठनः** (१) रोङ निर्माण अभियान्ता सञ्चालन र व्यवस्थापनका लागि सबै वडाहरुमा देहायका पदाधिकारी रहेको एक रोङ निर्माण अभियान्ता छनौट, सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) वडाध्यक्ष | संयोजक |
| ख) वडाका सबै वडा सदस्यहरु | सदस्य |
| ग) वडा सचिव | सदस्य-सचिव |

(२) समितिको बैठक आवश्यकता र औचित्यको आधारमा समितिको संयोजकले तोकेको मिति, समय र स्थान मा बस्नेछ ।

१०. **<u>रोड निर्माण अभियान्ता छनौट, सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) रोड निर्माण अभियान्ता छनौट, सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सूचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट आवश्यक श्रमिकको छनौट गर्ने । लामो समय सम्म खटिने श्रमिकहरु सूचिकृत बेरोजगार मध्येबाट हुने छन् भने छोटो समयका अर्थात ३० दिन भन्दा कम समयका लागि खटिने श्रमिकहरुको हकमा भने समितिका संयोजकले सुचिकृत नभएका बेरोजगार व्यक्तिहरुलाई समेत छनौट गर्न बाधा पर्ने छैन ।

ख) गाउँपालिकाबाट वडामा विनियोजित बजेट कार्यान्वयनका लागि आवश्यकता अनुसार आयोजनाहरु छनौट गर्ने ।

ग) छनौटमा परेका आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्ने ।

घ) बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउने र आयोजना/काममा खटिएका श्रमिकहरुको कामको सम्बन्धमा निरन्तर अनुगमन र प्रतिवेदन पेश गर्ने ।

ङ) प्रचलित कानुन अनुसार सम्झौता भएको योजनाहरुको प्राविधिक मुल्याङ्कन र प्राविधिक स्टिमेट अनुसार कार्य सम्पन्न भएको नपाईएमा समितिले भुक्तानीका लागि सिफारिस रोक्न सक्ने छ ।

## परिच्छेद ४

## <u>रोजगार उपभोक्ता समिति गठन तथा काम, कर्तव्य र अधिकार</u>

११. **<u>रोजगार उपभोक्ता समिति गठनः</u>** (१) यस कार्यविधि बमोजिम रु एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न आयोजनागत रुपमा खटाइएका श्रमिकहरु मध्येबाट एक जना अध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष सहित कम्तिमा पाँच सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

१२. **<u>रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः</u>** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्थानीय तहसँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने वा राख्न लगाउने,

ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजिकरण गर्ने ।

## परिच्छेद - ५

## <u>रोड निर्माण अभियान परिचालन एकाई गठन तथा काम, कर्तव्य र अधिकार</u>

१३.<u>**परिचालन एकाईको गठनः**</u> (१) रोड निर्माण अभियान्ता परिचालनको लागि देहायका पदाधिकारी रहेको एक रोड निर्माण अभियान्ता परिचालन एकाई गठन हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

ख) योजना शाखा प्रमुख सदस्य

ग) प्रविधिक शाखा प्रमुख सदस्य

घ) लेखा शाखा प्रमुख सदस्य

ङ) प्रधानमन्त्री रोजगार प्रमुख सदस्य सचिव

(२) समितिको बैठक प्रत्येक महिनामा एक पल्ट बस्नेछ, तर आवश्यकता र औचित्यको आधारमा अध्यक्षको आदेशले आवश्यकता अनुसार बैठक बोलाउन बाधा पुगेको मानिने छैन ।

१४.<u>**रोड निर्माण अभियान्ता परिचालन समितिको काम, कर्तव्य र अधिकारः**</u>(१) रोड निर्माण अभियान्ता परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

क) छनौट तथा व्यवस्थापन समितिबाट छनौटमा परेका श्रमिकहरुको पुर्ण विवरण राख्ने ।

ख) गाउँ क्षेत्र भित्र सञ्चालन हुने विभिन्न आयोजनाहरुमा आवश्यक पर्ने अनुमानित श्रम संख्या निर्धारण र श्रमिक परिचालन गर्ने ।

ग) आयोजना/ काममा खटिएका श्रमिकहरुको लागत विवरण राख्ने ।

ङ) श्रमिकहरुको पारिश्रमिक विवरण राख्ने ।

च) रोजगारी सृजनाको लागि निजी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय, साझेदारी र सहकार्य गर्ने ।

## परिच्छेद ६

## श्रमिकको पारिश्रमिक तथा अन्य सुविधा सम्वन्धी व्यवसथा

१५.<u>**पारिश्रमिकः**</u>(१) रोड निर्माण अभियान्तामा रहने श्रमिकहरुले देहाय बमोजिम पारिश्रमिक एवम अन्य सुविधा प्राप्त गर्ने छन् ।

क) रोड निर्माण अभियान्ताका प्रत्येक श्रमिकलाई दैनिक ज्यालादारिमा निजले काम गरे वापत काम गरेको दिनको आधारमा पारिश्रमिक उपलब्ध गराइनेछ।अथवा रोड

निर्माण अभियान्ताका प्रत्येक श्रमिकलाई प्रति घण्टा वा परिणामका आधारमा जुन घटी हुन्छ सो का आधारमा पारिश्रमिक उपलब्ध गराइनेछ ।

ख) यसरी प्रधान गरिने पारिश्रमिक रोङ गाउँपालिकाले तोकेको दर रेट (**रोङ राजपत्र**)मा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद ७

## बजेट व्यवस्थापन

१६. वित्तीय श्रोतः रोङ निर्माण अभियान्ता सञ्चालन, व्यवस्थापन तथा परिचालनका लागि आवश्यक बजेट गाउँपालिका मार्फत उपलब्ध हुनेछ ।

१७. खर्च व्यवस्थापन प्रकृयाः दफा (१३) सँग सम्बन्धित सम्पूर्ण वित्तिय खर्च प्रकृया, लेखांकन, स्रेस्ता व्यवस्थापन, लेखा परिक्षण तथा प्रतिवेदन कार्य गाउँपालिकाको नियमित बजेट तथा कार्यक्रमको खर्चको प्रकृया अनुरूप प्रचलित कानुन अनुसार हुनेछ ।रोङ गाउँपालिकाद्धारा रोजगार कार्यक्रमका लागि विनियोजित बजेट को १०% सम्म रकम औजार तथा आवश्यक सामाग्री खरिद गर्न सकिने छ।

## परिच्छेद ७

## विविध

१८. श्रमिकले पालना गर्नुपर्ने आचरणहरुः(१) रोङ निर्माण अभियान्तामा रहेका श्रमिकहरुले कार्यस्थलमा देहाय अनुसारको आचरण र अनुशासको पालना गर्नु पर्नेछ ।

क) समयको पालना गर्ने ।

ख) समुहमा मिलेर काम गर्ने ।

ग) मादक पदार्थको सेवन तथा धुम्रपान नगर्ने ।

घ) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने ।

ङ) असल आचरण र अनुशासन कायम गर्ने ।

च) कार्य स्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरु लगाउने ।

छ) आयोजना स्थलमा खटिएका प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अबलम्वन गर्ने ।

ज) कार्यस्थलमा लौंगिक, जातीय, क्षेत्रीय, धर्मिक, संस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

झ) कार्यस्थलमा मोबाईल फोनको प्रयोग नगर्ने ।

ञ) यदि कुनै पनि श्रमिकले उल्लेखित नियम एवम आचरण विरुद्धको कार्य गरेमा २ पटक सम्म चेतावनी दिईने छ र तत्पश्चात पनि आचरण विरुद्धको कार्य जारी राखेमा पाउने रकमको २५% रकम कट्टा गरी बाँकी रकम दिई निजलाई बर्खास्त गरिनेछ ।

१९. **<u>अनुगमनः</u>** (१) यस कार्यविधि बमोजिम रोड निर्माण अभियान्ता अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको नियमित अनुगमन गाउँपालिकाका उपप्रमुखको संयोजकत्वमा गाउँपालिकाले तोकेको प्राविधिक कर्मचारी र रोजगार संयोजक रहेको समिति मार्फत हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन समितिले अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) रोड निर्माण अभियान्ता परिचालनमा कुनै गम्भिर त्रुटि रहेको र सो लाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्ने छ ।

(४) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरि रोड निर्माण अभियान्ता परिचालनका लागि/बाट प्राप्त रकम दुरुपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

२०. **<u>निर्देशन दिन सक्नेः</u>** गाउँसभाले रोड निर्माण अभियान्ता सञ्चालनका विषयमा कुनै नीतिगत मार्गदर्शन एवम निर्देशन प्रदान गरेको भए सोका आधारमा कार्यपालिकाले समितिको काम कारबाहिको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने छ ।

२१. **<u>थपघट वा हेरफेर गर्न सक्नेः</u>** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै अस्पष्टता वा द्धिविधा भएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न, थपघट तथा हेरफेर गर्न सक्नेछ ।

२२. **<u>खारेजी र बचाउः</u>** यो कार्यविधि लागु हुनु पुर्व गाउँपालिका वा गाउँ कार्यपालिकाबाट गाउँ स्तरिय रोड निर्माण अभियान्ता स्थापना र सञ्चालन सम्बन्धमा कुनै काम कारवाहीहरु भए गरेको भए सो काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

अनुसूचीः १ (दफा ३ को उपदफा ३ (ग) सँग सम्बन्धित)

## सीपयुक्त श्रमिक व्यक्तिगत विवरण

## ...... नं. वडा कार्यालय,

## रोङ गाउँपालिका, ईलाम

नाम थरः-

लिङ्गः- क) पुरुष ख) महिला ग) अन्य

स्थायी ठेगानाः-

अस्थायी ठेगानाः-

जन्म मितिः- ना.प्र.प.नं.-

सीप तथा तालिमको विवरणः

| सीपको किसिम | तालिम | तालिम अवधी | तालिम प्रदायक संस्था | कामको अनुभव (वर्षमा) | कैफियत (सम्बन्धि कुनै विशेष अनुभव भए लेख्ने) |
|---|---|---|---|---|---|
| क) डकर्मी(म्यासन) | | | | | |
| ख) सीकर्मी (कार्पेन्टर) | | | | | |
| ग) विधुत सम्बन्धी (ईलेकट्रिसियन) | | | | | |
| घ) धारा तथा पाईप जडान (प्लम्बर) | | | | | |
| ङ) रङ्ग रोगन | | | | | |
| च) फलाम तथा स्टील सम्बन्धी ( आईरन/स्टील फिक्सर) | | | | | |
| छ) मजदुर | | | | | |
| ज) अन्य | | | | | |

सीप सम्बन्धी अन्य विवरण भएः-